# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २० गते २०३० साल।

### राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना

केन्द्रिय तथ्याङ्क विभागका रा.प. प्रथम श्रेणीका महानिर्देशक श्री मुरलीप्रसाद उपाध्याय यस सचिवालयमा काज रहनु भएकोले निज फर्की नआएसम्म सो पदमा निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले प्रशासन व्यवस्था विभाग रेख देख दौडाहाका रा.प. द्वितीय श्रेणीका अधिकृत श्री केशरबहादुर आचार्यलाई मिति २०३०।२।९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले—
गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव

### राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना

यस सचिवालय अन्तर्गत प्रादेशिक योजना कार्यालय, काठमाडौंको रिक्त शाखा अधिकृत पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही कार्यालयका जुनियर एडमिनिष्ट्रेटिभ असिष्टेन्ट (ना.सु.) श्री खड्गरत्न बज्राचार्यलाई मिति २०३०।६।२ देखि कायम मुकायम मुकरर गरेको छ।

गोरक्षबहादुर न्हुछे प्रधान
राष्ट्रिय योजना आयोगको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५४